# प्राचीन मार्ग



परमप्रभु यसो भन्नुहुन्छ: “दोबाटोमा उभिएर हेर, प्राचीन मार्गहरूका विषयमा सोध। असल मार्ग कहाँ छ त्यो सोध, र त्यसैमा हिंड, र तिमीहरूले आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ” । यर्मिया ६:१६क

# प्राचीन मार्ग

परिचय: -

नेपालमा, (शिक्षित मानिसहरू) लगायत धेरैजसो मानिसहरूले के बिचार गर्छन् भने इसाई मत (विश्वास)को सुरुआत पश्चिममा भएको हो। यो एउटा गम्भीर किसिमको गलत बुझाइ हो। यो पुस्तकले तपाईंलाई के देखाउँछ भने, यदि इसाई मत (विश्वास)लाई एउटा 'धर्म' भन्न उचित हुन्छ भने यो वास्तवमा पृथ्वीको सबैभन्दा पूरानो 'धर्म' हो।

इसाई मत (विश्वास)को सुरुआत बुद्ध जन्मनुभन्दा १५०० वर्ष पहिले, र कन्फ्युसियस, प्लेटो, अरस्तू र अरू चर्चित 'प्राचीन व्यक्तित्वहरू' भन्दा पहिले नै हालको इराक (मध्य पूर्व) मा भएको थियो। त्यो समयमा परमेश्वरले अब्राहाम नाउँका व्यक्तिलाई एउटा प्रतिज्ञा दिनुभएको थियो र यो पहिलो पुरुष र स्त्रीलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञाको पुष्टि थियो। त्यस प्रतिज्ञामा उहाँले हामी सबैलाई हाम्रो पापबाट बचाउनका लागि एक जना विशेष व्यक्तिलाई संसारमा पठाउनेछु भन्नुभएको थियो। त्यस मानिस 'सबै जातिका निम्ति आशिष्' हुनुहुनेथियो। त्यो प्रतिज्ञा गरिएको समयदेखि (ई. पू. २,०००), विश्वको सृष्टि गर्नुहुने परमेश्वरमाथिको विश्वास अनि 'प्राचीन मार्ग' सम्बन्धी विवरण इस्राएलमा फैलियो, अनि येशू ख्रीष्टको पालादेखि सुरु भएर सारा मध्य पूर्व र युरोपमा यो फैलियो। पहिलो शताब्दीमा भएको विस्फोटक वृद्धिपछि, यो 'प्राचीन मार्ग' सारा संसारमा पुगेको छ।

त्यो समयदेखि अहिलेसम्म, करोडौं मानिसहरूले 'प्राचीन मार्ग' लाई पछ्याएका छन्। यो साँचो कथालाई अहिले संसारभरिका हरेक जाति र राष्ट्रका एक अरब भन्दा बढी मानिसहरूले पछ्याउँछन्।

अब बाँकी केही मिनेटको समयमा तपाईंले जे पढ्न लाग्नुभएको छ त्यसले तपाईंको जीवनलाई परिवर्तन गर्नसक्छ! त्यसकारण यसलाई ध्यानसित पढ्नुहोस् र अन्योलता र झुटको यो संसारमा सत्यतालाई देख्न परमेश्वरले तपाईंलाई सहायता गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् भन्ने अनुरोध हामी गर्छौं।

समयको सुरुआतमा परमेश्वरले विश्व सृष्टि गर्नुभयो, र त्यसपछि पहिलो पुरुष र स्त्री, आदम र हव्वालाई बनाएर, एउटा सुन्दर बगैँचामा राख्नुभयो, र एउटै मात्र आज्ञा दिनुभयो: एउटा विशेष रूखको फल चाहिँ नखाओ। हाम्रा प्रथम पुर्खाहरू (आदम र हव्वा) ले परमेश्वरको आज्ञा उल्लङ्घन गरे र संसारमा कष्ट र मृत्यु ल्याए। एक दिन परमेश्वरसँग मानिसको त्यो सम्बन्धलाई पुनर्स्थापित गर्ने मुक्तिदाता पठाउनेछु भनी परमेश्वरले तिनीह-रूलाई प्रतिज्ञा गर्नुभयो। यदि तिनीहरूले परमेश्वरको प्रतिज्ञामा विश्वास गरेका भए, तिनीहरूले मुक्ति पाउन सक्थे।



आदम र हव्वालाई आदनको बगैंचाबाट निकालियो
(उत्पत्ति ३:२२-२४)

बाइबलअनुसार, आदम र हव्वाका सन्तानले आफ्नो जीवन परिवर्तन गर्न मानेनन् र परमेश्वरको विरुद्धमा तिनीहरूले पाप गरिरहे। त्यसकारण परमेश्वरले नोआ नाउँका एक जना मानिसलाई एउटा ठूलो डुङ्गा बनाएर हरेक पशु-पक्षीलाई त्यसमा राख्ने आज्ञा गर्नुभयो। परमेश्वरले संसारमा ठूलो जलप्रलय पठाउन लाग्नुभएको थियो र ठूलो जहाजमा भएकाहरू बाहेक सबैलाई नाश गर्न लाग्नुभएको थियो। सारा मानिसहरूमध्ये नोआको परिवारका आठ जना सदस्यहरू मात्रै बच्न सके।



नोआको ठूलो जहाज *(उत्पत्ति ६-८)*

धेरैजसो संस्कृतिमा जलप्रलयको कथा, किंवदन्ती, वा दन्त्यकथाहरूको विवरण रहेको पाइन्छ। जहाज शब्दको अर्थ दिने चिनियाँ शब्दमा तीनवटा परम्परागत अक्षरहरू छन्: डुङ्गा, आठ, र मानिसहरू। यो अचम्मको तथ्यको कारण धेरै विद्वानहरूले चिनियाँ अक्षरहरूको प्रयोग ई. पू. ३००० तिर नै सुरुआत भएको थियो, किनभने यी अक्षरहरूको व्युत्पत्तिले बाइबलमा उल्लेख गरिएको ठूलो जलप्रलयलाई प्रतिबिम्बित गर्नसक्छ भन्ने तर्क गरेका छन् *(उत्पत्ति ७:१३)*।




डुङ्गा आठ मानिसहरू जहाज

नोआ, उनका परिवार र सबै जीवजन्तु ठूलो जहाजबाट निस्केर नयाँ संसारको सुरुआत गरेपछि (उत्पत्ति ८:१८-१९), परमेश्वरले नोआ र उनका सन्तानलाई सारा संसारभरि फैलिने आज्ञा गर्नुभयो (उत्पत्ति ९:१)। तर नोआका सन्तान अहङ्करी थिए र तिनीहरूले आज्ञापालन गर्न मानेनन् अनि आफ्नै सहर बनाउन अनि आफ्नो नाउँ कायम राख्न प्राचीन इराकको बेबिलोन नजिकै बसोवास गर्न थाले।



बाबेलको धरहरा (उत्पभि ११:१-९)

त्यो बेला, सबै मानिसहरूले एउटै भाषा बोल्थे। परमेश्वर स्वर्गबाट ओर्लनुभयो र तिनीहरूको भाषालाई खलबल पारिदिनुभयो, त्यसकारण तिनीहरूले एक-अर्काले बोलेको बुझ्न सकेनन् (उत्पत्ति ११:१-७)। सामान्य जीवन र कामलाई अगि बढाउनु असम्भव नै बन्न पुग्यो। एउटै भाषा बोल्ने मानिसहरू अलग भए र सारा पृथ्वीभरि फैलिए अनि आजको संसारका विभिन्न भाषाहरू बोल्ने जाति समूहहरू निर्माण भयो। अझै पनि तिनीहरू आफ्नै इच्छाअनुसार हिँडे र परमेश्वरलाई चिन्ने इच्छा गरेनन्।

## मानिसहरूले आ-आफ्नै धर्महरू निर्माण गर्न थाले



यहूदी धर्म



इस्लाम धमग



भहन्दु धम



बौद्ध धम



कन्फुलसयस



मूभगिपूजक धम

हाम्रा पहिलेका पुर्खाहरूले परमेश्वरलाई व्यक्तिगत रूपमा चिनेका भए तापनि, समय बित्दै जाँदा त्यो ज्ञान बिर्से र मानिसहरूले आ-आफ्नै धर्महरू निर्माण गर्न थाले। कतिले भन्थे, मानिसहरू सुरुमा पशुजस्तै थिए; अरू भन्थे, मानिसहरू 'ईश्वरका' सन्तान हुन्। अझै अरूहरू भन्थे, विश्व पहिलेदेखि नै अस्तित्वमा छ र हामीले नैतिक जीवन जिउनुपर्छ, तर तिनीहरूले परमेश्वरको विषयलाई भने बेवास्ता गरे। मानिसहरूले रूख, खोलानाला, मृतक पुर्खाहरू, घाम, र चन्द्रको पूजा गर्नथाले। कतिले भन्थे, सबै मानिसहरू 'ईश्वर' नै हुन्! प्रतिज्ञाहरू र परमेश्वरकहाँ जाने प्राचीन मार्गको ज्ञानलाई बिर्से।



अब्राहामको पालामा, ई. पू. २१०० तिरको प्राचीन इराक (उत्पत्ति ११-१२)

७५ वर्षको उमेरमा, अब्राहामले परमेश्वरको त्यो आज्ञा पालन गरे, र अहिले मध्य पूर्वमा इस्राएल भनेर चिनिने ठाउँमा गए। परमेश्वरले अब्राहामलाई तीनवटा महान् प्रतिज्ञाहरू दिनुभयो। सबैभन्दा महान् प्रतिज्ञा यो थियो: 'अनि जसले तिमीलाई आशिष् दिनेछन्, तिनीहरूलाई म आशिष् दिनेछु; अनि जसले तिमीलाई सराप दिनेछ, त्यसलाई म सराप दिनेछु। अनि तिमीद्वारा पृथ्वीका सबै कूलहरूले आशिष् पाउनेछन्' (उत्पत्ति १२:३)।

अब्राहाम यहूदीहरु *(इस्राएलीहरु)* र अरबीहरुका पिता भए। यसबाहेक, पृथ्वीको सबै कूलहरुले आशिष् पाउनेछन् भन्ने प्रतिज्ञा निश्चित सन्तनबाट पूरा हुनेछ जुन हाम्रो पहिलो पुर्खाहरुलाई शुरुमै बताइएको थियो *(उत्पत्ति ३:१५)*।



अब्राहामले परमेश्वरलाई पछयाउन आफ्नो बुवाको घर र देशलाई छोडे (उत्पती १२:१-४ )

परमेश्वरले उहाँको प्रतिज्ञालाई अब्राहामको छोरा इसहाक र नाती याकुबलाई पनि दोहोराउनुभयो। परमेश्वरले याकुबलाई १२ छोराहरु दिनुभयो जसको छोराहरुलाई इस्राएली भनियो। अन्तमा तिनीहरूलाई मिश्र देशमा दुष्ट राजाहरुले दास बनाए। ती दुष्ट राजाहरुले *(फरोहरुले)* इस्राएलीहरुलाई मरुन भन्ने आशाले कठोर व्यवहार गरी तिनीहरूको काम झनै कठिन बनाइदिए *(प्रस्थान १)*। अन्तत, १४४६ ई. पू. तिर, परमेश्वरले इस्राएलीहरुलाई छुट्कारा दिनलाई मोशा नाम गरेको एकजना मानिसलाई पठाउनुभयो।

## छुट्कारा दिने मोशा

परमेश्वरले मोशालाई फारोको सामुन्ने गएर उहाँको माग राख्न तिनलाई बोलाउनुहुँदा तिनी ८० वर्षका थिए: 'मेरा मानिसहरूलाई जान देऊ (प्रस्थान ३)। फारोले सुरुमा त्यसो गर्न इन्कार गरे तापनि, परमेश्वरले तिनको देशमा विपत्तिहरू पठाउनु भयो अनि तिनले इस्राएलीहरूलाई जान दिए (प्रस्थान ४-१०)अन्तिम विपत्ति पठाउनुभन्दा पहिले, परमेश्वरले मोशाद्वारा हरेक इस्राएली परिवारलाई एउटा पाठोलाई मारेर त्यसको रगत घरको ढोकाको चौकोसमा लगाउने आज्ञा दिनुभयो। त्यो रगतले परमेश्वरले पठाउन लाग्नुभएको नाश गर्नेदूतबाट तिनीहरूलाई बचाउनलाई थियो तर मिश्रीहरुलाई चैँ नाश गर्ने दूतले दण्ड दिन्थ्यो|



'नाश गर्ने दूत' बाट परिवारलाई बचाउनका लागि इस्राएलीहरूले मारिएको थुमाको रगत घरको ढोकाको चौकोसमा लगाए। (प्रस्थान १२:२१-२३)

यहूदीहरूले परमेश्‍वरको आज्ञापालन गरे र आ-आफ्ना घरको ढोकामा थुमाको रगत लगाए। नाश गर्ने दूत आउँदा, परमेश्‍वरले ढोकाका चौकोसहरूमा पाठोको रगत लगाएको देख्नुभयो र ती घरहरूलाई छोडी दिनुभयो।

अन्त्यमा फारोले यहूदीहरूलाई मिश्रबाट जान दिए र लगभग दुई लाख मानिसहरू मोशाको पछि लागे र तिनीहरू स्वतन्त्र भए। फारोले आफ्नो मन परिवर्तन गरे, र परमेश्‍वरका मानिसहरूलाई खेद्न सेनाहरू पठाए। तर परमेश्‍वरले एउटा ठूलो आश्‍चर्यकर्म गर्नुभयो र आफ्ना जनहरूका निम्ति लाल समुद्रलाई दुई भाग पार्नुभयो अनि तिनीहरू सहजै पार गर्न सके। अर्को तिर चाहिँ तिनीहरूलाई खेद्ने मिश्रीहरू समुद्र पार गरिरहेको बेलामा, परमेश्‍वरले त्यस समुद्रलाई पहिलेकै अवस्थामा फर्काइदिनुभयो र मिश्री सेनाहरू समुद्रमा डुबेर मरे (प्रस्थान १४)।

## परमेश्‍वरको व्यवस्था

परमेश्‍वरले इस्राएलीहरूलाई सीनै पर्वतमा लैजानुभयो र त्यहाँ उहाँले तिनीहरूलाई दश आज्ञाहरू दिनुभयो। ती मानिसहरूले उहाँको जाति बन्न सहमत भएको चिन्हको रूपमा ती आज्ञाहरू पालन गर्नुपर्थ्यो। परमेश्‍वरले उहाँको प्रतिज्ञाअनुसार तिनीहरूलाई प्रतिज्ञा गरिएको देशमा सुरक्षित पुऱ्याउनु भए तापनि, इस्राएलीहरूले उहाँको गुणलाई बिर्से, उहाँलाई र उहाँको प्राचीन मार्गलाई बिर्से र आफ्नै बाटोमा लागे।



मोशाले सीनै पर्वतमा दश आज्ञाहरू प्राप्त गरे (प्रस्थान २०:१-२१)।

## तिनीहरूको पापको मोल तिर्ने एउटा सट्टाभर्ना



मानिसको पाप बलि गरिने पाठोमा साङ्केतिक रूपमा सारिएको (लेवी १:४)।

उहाँको आज्ञा उल्लङ्घन गरेकोमा इस्राएलीहरूलाई नाश गर्नुको साटो परमेश्वरले आफ्नो आराधनाको स्थानमा खोटरहित, स्वास्थ्य पाठो ल्याउने आज्ञा दिनुभयो। पाप गर्ने व्यक्तिले त्यस पाठोको टाउकोमा आफ्नो हात राखेर आफ्नो दुष्टता र अनाज्ञाकारितालाई पाठोमा सारेको सङ्केतको रुपमा लिनुपर्थ्यो। त्यसपछि त्यो थुमालाई मारिन्थ्यो। यी सबै कुरा ई. पू. १४०० भन्दा पहिले नै भएको थियो। तैपनि मानिसहरूले परमेश्वरलाई र उहाँको प्राचीन मार्गलाई बिर्से र आफ्नै मार्गमा हिंडे।

करिब ई. पू. १००० तिर, परमेश्वरले अब्राहामका सन्तान, दाऊदलाई खडा गर्नुभयो र तिनी इस्राएलका महान् राजा बने। यो घटना बुद्धको जन्म हुनुभन्दा ५०० वर्ष अघिको थियो। आदम र हव्वा र पछिबाट अब्राहामलाई

प्रतिज्ञा गरिएका व्यक्ति दाऊदको वंशबाट आउनेछन् र दाऊदको सिंहासनमा अनन्त राज्य गर्नेछन् भनेर परमेश्‍वरले स्पष्ट पार्नुभयो। भविष्यको यो राजा दाऊदको वंशबाट आउनुहुनेछ भनी परमेश्‍वरले भन्नुभयो (भजन २:७; मत्ती १:१)।

समय बित्दैजाँदा, आफूले प्रतिज्ञा गरेको ‘दाऊदका महान् पुत्र’ को विषयमा थप जानकारीहरू दिन परमेश्‍वरले अरू अगमवक्ताहरूलाई पठाउनुभयो। ई. पू. ८०० तिर एक जना अगमवक्ताले यो ‘पुत्र’ बेथलेहेम भनिने एउटा सानो सहरमा जन्मनेछ, ‘जसको सुरु पूरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि’ नै छ भनी अगमवाणी गरे (मीका ५:२)। ई. पू. करिब ७२० तिर अर्का अगमवक्ताले यो शासक इस्राएलको एउटी कन्याबाट जन्मेको ‘बालक’ हुनेछ, तैपनि तिनलाई ‘अनन्त पिता’ भनिनेछ भनी बताए (यशैया ९:६)।

### अचम्मको जन्म



कन्या मरियमले बेथलेहेममा येशूलाई जन्म दिइन् (लूका २:१-७)।

यसरी अगमवाणी गरेको लगभग ७०० वर्ष पछी, जुन आज भन्दा करिब दुई हजार वर्ष पहिले, प्राचीन इस्राएलमा एउटा स्वर्गदूत मरियम नाउँकी कन्याकहाँ देखा परे, जो गालीलको नासरत नाउँको सहरमा बस्थिन्, जसको मगनी योसेफसँग भएको थियो तर विवाह चाहिँ भएको थिएन। स्वर्गदूतले तिनलाई तिनले एउटा पुत्र जन्माउनेछिन् र उहाँको नाउँ ‘येशू’ राख्नू भने। पवित्र आत्माको शक्तिद्वारा उनी गर्भवती भइन् र उनिसँग मगनी भएको योसेफले गर्भवती भएको थाहा पाए तब तिनले मरियमलाई गुप्तमै त्याग्ने बिचार गरे। तर उसले यो बिचार गर्दै गर्दा सपनामा स्वर्गदूत देखा परे र मरियमलाई आफ्नो पत्नीको रुपमा स्वीकार गर्न नडराऊ किनभने जो उनको गर्भमा हुनुहुन्छ उहाँले “आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ” भन्यो। स्वर्गदूतले भनेझै योसेफले मरियमलाई आफ्नो पत्नीको रुपमा स्वीकार गरे। तर पुत्र जन्मनु अघी उनिहरुले कुनै सहवास गरेनन्। सरकारले दिएको जनगणनाको आदेशको कारण मरियम र योसेफ आफ्नो नाउँ लेखाउन योसेफको जन्मथलो बेथलेहेममा जानु पऱ्यो।



येशूको जन्म बेथलेहेममा भएको छ भनेर स्वर्गदूतहरूले गोठालाहरूलाई बताए (लूका २:८-२०)

त्यहाँ हुँदा, हजारौं वर्षको अवधिमा गरिएका सबै प्रतिज्ञाहरू पूरा गर्दै मरियमले एउटा सानो गोठमा येशूलाई जन्माइन्। (लूका २:१-८)।

त्यो रात, बेथलेहेमका गोठालाहरूका अगि आकाशमा स्वर्गदूतहरू देखा परे, र यो घोषणा गरे: "आज दाऊदको सहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।" (लूका २:११)।

इस्राएलमा आएर यस नयाँ राजाको दर्शन गर्न महान् दार्शनिकहरूलाई बाटो देखाउनका लागि पूर्वको आकाशमा एउटा ताराको उदय भयो (मत्ती २:१-१२)। यो बालक, पवित्र आत्माको शक्तिद्वारा मरियमबाट जन्मिनुभएको थियो र मरियम, ई. पू. १००० तिरका यहूदी राजा दाऊदको वंशको थिइन र दाऊद ई. पू. २००० तिरका अब्राहामका सन्तान थिए।

येशू नासरतमा हुर्कनुभयो र उहाँ एक ज्ञानी व्यक्ति हुनुभयो अनि सबैले उहाँलाई मन पराउँथे। उहाँ तीस वर्षको हुनुभएपछि, उहाँले त्यो काम गर्न थाल्नुभयो जुन कामका लागि उहाँलाई संसारमा पठाइएको थियो। येशूले आफूलाई 'परमेश्वरका पुत्र हुँ' भनी भन्नुभयो र 'म र पिता एउटै हौं' भनी भन्नुभयो (यूहन्ना १०:३०)। येशू अनन्तदेखि नै परमेश्वरको रूपमा अस्तित्वमा हुनुहुन्थ्यो, तर उहाँले मानिसको रूप लिनुभयो (यूहन्ना १:१४)। उहाँले भन्नुभयो: 'अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु' (यूहन्ना ८:५८)। 'म हुँ' भन्ने वाक्यको प्रयोग गर्दै, येशूले उहाँको कुनै 'सुरुआत' छैन, सँधै अस्तित्वमा हुनुहुन्थ्यो, अलेक्जेन्डर द ग्रेट, सुकरात, कन्फुसियस, वा बुद्धको जन्म हुनुभन्दा अनन्तदेखि नै उहाँ हुनुहुन्थ्यो भन्ने कुरा पुष्टि गर्नुभयो।

उहाँले विश्व सृष्टि गर्नुभयो (यूहन्ना १:२-३; कलस्सी १:१६) र अहिले पनि उहाँले यसलाई स्थिर राख्नुहुन्छ (कलस्सी १:१७; हिब्रू १:३)।

### पापरहित एक मात्र मानिस

परमेश्वर पूर्ण रूपमा पवित्र हुनुहुन्छ, र पापलाई उहाँले घृणा गर्नुहुन्छ, यद्यपि येशू मानव जातिलाई उसले गरेको अनाज्ञाकारिताका निम्ति दण्ड दिन आउनुभएन। बरु, उहाँ त्यो सानो, निर्दोष थुमाजस्तै हाम्रो सट्टामा मारिनलाई आउनुभयो। येशूले परमेश्वरको राज्यको बारेमा शिक्षा दिन थाल्नुभएपछि, त्यस बेलाका एक जना महान् अगमवक्ताले येशूलाई देखे र भने: "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" (यूहन्ना १:२९)। येशूले सिद्ध जीवन जिउनुभयो र कहिल्यै पनि पाप गर्नुभएन (हिब्रू ४:१५;१ पत्रुस २:२२; १ यूहन्ना ३:५)।



येशू पानीमाथि हिँड्नुभयो (मत्ती १४:२२-३३)

यद्यनप उहाँले हरेक दृनिकोणले हामीले जस्तै परीाको सामना गनुछभयो। यूिले रोगीलाई ननको पानुछभयो, भूत आत् माहरूलाई धपाउनुभयो र दृनिनिहीनहरूलाई दृनि नदनुभयो (मी ९:२७ ३५), र माननसहरूलाई मरेकिाट जीनित पानुछभयो (यूहन् ना ११:३८ ४४)।

विश्व सृष्टि गर्नुभन्दा पहिले परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार निर्धारित गर्नुभएअनुसार नै अन्त्यमा, येशू ३३ वर्षको हुनुहुँदा (प्रेरित २:२३), उहाँलाई ईश्वर निन्दा गरेको आरोपमा (आफूलाई परमेश्वर समान तुल्याएकोमा) पक्राउ गरियो र कानूनी कार्वाही गरियो। एक रोमी न्यायाधीशले उहाँमा दोष भेटाउने कोसिस गरे तर उहाँमा कुनै पनि दोष पाइएन, तापनि (येशूलाई मार्न खोज्नेहरुलाई खुशी पार्न) ति रोमी न्यायाधीशले उहाँलाई मृत्युदण्ड दियो। (यूहन्ना १८:३८; १९:४, ६)। तर यो वास्तवमा परमेश्वरले निश्चित गर्नुभएको योजनाको परिणाम थियो (प्रेरित ४:२७-२८; प्रकाश १३:८)।



हाम्रो पापको साटो येशूलाई क्रूसमा किला ठोकी टाँगियो (मत्ती २७:२४-६२; यूहन्ना १९:१७-४२)।

'किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र [येशू] दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्' (यूहन्ना ३:१६)

येशूलाई काठ्को क्रूस बनाएर काँटी ठोकी झुण्ड्याइयो, उहाँ हाम्रो पापका लागि मर्नुभयो, र गाडिनुभयो।



येशू मरेकोबाट बौरी उठ्नुभयो (मत्ती २८; १ कोरिन्थी १५:३-९)

तर तीन दिनपछि येशू मरेकोबाट जीवित भई उठ्नुभयो। गाडिएर जीवित हुनुभएपछि येशूलाई देख्ने ५०० जनाभन्दा बढी मानिसहरूले यस आश्चर्यजनक घटनालाई पुष्टी गरे (१ कोरिन्थी १५:६)। उहाँ तिनीहरूसँग बोल्नुभयो। उहाँले तिनीहरूलाई अङ्गाल्नुभयो। उहाँ तिनीहरूसँग हिँन्डुल गर्नुभयो र तिनीहरूलाई ४० दिनसम्म शिक्षा दिनुभयो।

त्यसपछि उहाँ फेरि आउनुहुनेछ भन्ने प्रतिज्ञा गर्दै स्वर्गमा फर्केर जानुभयो (यूहन्ना १४:२-३; मत्ती २६:६४; मर्कूस १४:६२)। उहाँ आउनु भएपछी यो जीवनमा उहाँलाई मुक्तिदाता भनी स्वीकार नगर्नेहरु आफ्नो पापमा मर्नेछन् (यूहन्ना ३:३६; ८:२४)। भविष्यमा उहाँ यो संसारको न्याय गर्न आउनुहुनेछ (प्रकाश १९:११ देखि पढ्दै जानुहोस्)।

स्वर्गमा फर्केर जानुभन्दा अघि उहाँले आफ्ना चेलाहरूलाई सारा संसारमा गएर अरूलाई पनि यो खुशीको खबर सुनाउने आज्ञा दिनुभयो, ताकि तिनीहरूले पनि प्राचीन मार्गलाई भेट्न सकून् (मत्ती २८:१९; प्रेरित १:८)। त्यो समयदेखि, येशूको यो सत्यता इस्राएलदेखि सारा संसारमा नै फैलिएको छ।

**प्राचीन मार्ग**

येशू स्वर्ग जानुभएपछि, धेरैजसो मानिसहरू आफ्नै हिसाबमा जिउँदैआएका छन् र परमेश्वरको बारेमा बिचार नै गरेका छैनन् (मत्ती ७:१३-१४)। कतिपयले मानिसले बनाएका पूरानो धर्म र सिद्धान्तहरू पालन गर्छन्, र अरूले नयाँ धर्म र बिचारहरू निर्माण गरेका छन्। धेरैजसोले परमेश्वरतिरको प्राचीन मार्गलाई बेवास्ता गर्छन्। आज भन्दा लगभग ६००० वर्ष अघि, यो प्राचीन मार्ग हाम्रो पहिलो पुर्खाहरू आदम र हव्वालाई दिएको थियो। यो प्राचीन मार्ग “सबै जातिका मानिसलाई आशिष्” हुनेछ भनी अब्राहामलाई भन्नु भएको थियो (उत्पत्ति १२:३)| अनि यो (प्रचिन मार्ग) अनन्त पुत्रको रूपमा आउनुहुनेछ भनी इस्राएललाई बताइयो (भजन २:७; मत्ती १:१)। परमेश्वरको विरुद्धमा गरिएका पापहरूको क्षमा प्राप्त गर्ने परमेश्वरकै मार्ग येशू हुनुहुन्छ (यूहन्ना १४:६)। उहाँले हाम्रो सट्टामा एउटा सिद्ध जीवन जिउनुभयो र सारा संसारको पापका लागि उहाँ मारिनुभयो (यूहन्ना १:२९; एफिसी १:७; प्रकाश १:५)।

यो सुन्दर सत्यता अब हाम्रा लागि उपलब्ध छ। येशूमा र उहाँको क्रूसको मृत्युमा भरोसा राखि, उहाँ हाम्रो साटोमा मर्नु भयो भनी विश्वास गर्छौ भने हाम्रा सबै पापहरु क्षमा हुन्छन्। अनि परमेश्वर र हाम्रो सम्बन्ध पुनर्स्थापित हुन्छ । (१ पत्रुस २:२४; २ कोरिन्थी ५:२१)।

हामी परमेश्वरसँग सदासर्वदा त्यस स्थानमा हुनेछौं जाहा भव्य सुन्दरता, आश्चर्य, जोस, अपुर्व अनुभव, र शान्ति हुन्छन् (यूहन्ना १०:२८-२९)। आफै पुण्य कमाउने (आफ्नै असल काममा वा शक्तीमा भर पर्ने) तरिकाद्वारा स्वर्ग जान असम्भव छ (रोमी १०:१-३)। यदि हामीले आफैमाथि मात्रै भरोसा गर्न छोडेर परमेश्वरको आफ्नै पुत्र (प्राचीन मार्ग) माथि मात्रै भरोसा गर्न थाल्यौं भने, हामीले क्षमा प्राप्त गर्नेछौं र सदासर्वदा परमेश्वरसँग जिउनेछौं (प्रकाश २१:१-४)।

येशूले भन्नुभयो, “बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन” (यूहन्ना १४:६), र “हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु” (मत्ती ११:२८)।

के तपाईं परमेश्वरलाई चिन्न चाहनुहुन्छ, र तपाईंका सबै पापहरूको क्षमा प्राप्त गर्न चाहनुहुन्छ (१ यूहन्ना ५:१३)?



येशूले भन्नुभयो, “म असल गोठालो हुँ, असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ।” (यूहन्ना १०:११; १ पत्रुस २:२५)

येशूलाई पाप क्षमा गर्न अनुरोध गर्नुहोस्, मुक्ती पाउनको निम्ति उहाँमाथि आफ्नो सारा भरोसा राखेर उहाँलाई आफ्नो जीवनका प्रभु बनाउनुहोस् (यूहन्ना ३:१६)। उहाँ तपाईंको जीवनमा आउनुहुनेछ, तपाईंलाई नयाँ हृदय दिनुहुनेछ, तपाईं भित्र उहाँको आत्मा राखिदिनुदिनुहुनेछ, र तपाईंलाई परिवर्तन गर्नुहुनेछ (प्रकाश ३:२०; इजकिएल ३६:२६-२७)!

यो पुस्तिका अध्ययन गर्नु भएको लागि धन्यवाद
परमेश्वरले तपाईलाई आशिष दिनु भएको होस् ।
- आमेन -

यदि तपाई प्राचीन मार्गको बारेमा थप जान्न चाहनुहुन्छ भने, तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई सम्पर्क गर्नुहोस्।

स पकग :

‘हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।’ (मत्ती ११:२८)। -येशू ख्रीष्ट



NEPALI EDITION